जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक ७० २०८३ साल असोज २४ गते शनिबार (10 Oct 2026 Saturday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

### चट्याङको समयमा सर्तक रहौं

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

*यस अंक भित्र :* २ पृष्ठमा : अझै बेचैन छन्-बाढीले.. ३ पृष्ठमा : अपाङ्गता भएका मतदाताका ... ३ पृष्ठमा :भारतमा प्रदर्शनअघि २०...

## निवर्तमान अध्यक्ष चौधरीले लगाएका आरोप निराधार

# योजनाबद्ध तरीकाबाट असहयोग गर्दै आएको वर्तमान अध्यक्ष यादवको दाबी



**दैनिक समाचारदाता**
**राजविराज, २३ असोज ।**

सप्तरी जिल्ला बार एकाईका अध्यक्ष कामेश्वर यादवले लेखापढी कानुन व्यवसायीको परीक्षा वापत ६ सय ७० जनाबाट ५ हजारका दरले तालिम वापत रकम उठेको जानकारी दिएका छन् ।

शुक्रबार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरि जानकारी दिँदै उनले उक्त संख्या बाहेक सो परिक्षामा ४ सय १४ जनाले १ सय १० रुँपैयाका दरले शुल्क बुझाएको बताए ।

केही दिनअघि मात्र जिल्ला बार एकाईका पूर्वअध्यक्ष रामप्रसाद चौधरी र कृपानारायण यादवले पत्रकार सम्मेलन गरि जिल्ला बारका वर्तमान समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षको मिलोमतोमा लेखापढी व्यवसायीहरुको परिक्षामा १ हजार २ सय जना परीक्षार्थीबाट उठेको रकम मध्ये २३ लाख रुँपैया भन्दा बढी अनियमितता भएको आरोप लगाएका थिए । सो आरोपप्रति लक्षित गर्दै अध्यक्ष यादवले १ हजार ८४ जना परीक्षार्थीको सामूहिक परीक्षाका लागि कानुन व्यवसायीहरुको बृहत बैठक बोलाई जानकारी दिई सो बैठकबाट प्राप्त सल्लाह अनुसार नै कार्य अगाडी बढाएको स्पष्ट पारेका छन् ।

पत्रकार सम्मेलनमा अध्यक्ष यादवले आफूहरु निर्वाचित भएर आए लगत्तै निवर्तमान अध्यक्ष रामप्रसाद चौधरीले योजनाबद्ध तरीकाबाट असहयोग गर्दै आएको बताए । निवर्तमान अध्यक्ष चौधरीले आफ्नो कार्यकालको केही बरबुझारथ मात्र गरेको तथा अन्यको कागजात समेत पेश नगरेको उनले जानकारी दिँदै बारद्वारा संचालनमा रहेको फोटोकपी मेशिनबाट प्राप्त धरौटी वापत ५० हजार रकम समेत खर्च गरेको, निवर्तमान अध्यक्ष चौधरीले आफ्नो दुई कार्यकालमा बारको भवनमा कार्यसमितिको पक्ष रहदा रहदै पनि कार्यकक्षमा कार्यसमितिका कार्यहरु संचालन नगरि आफ्नो निजि ल फर्ममा कार्य संचालन गर्दै आएको अध्यक्ष यादवको आरोप रहेको छ ।

अध्यक्ष यादवले आफ्नो कार्यकालमा एक वर्ष भित्रैमा वार्षिक साधारण सभा बोलाउनु पर्ने धारणा राख्दै आएपनि लेखापढी प्रमाणपत्रको आवेदन लिने कार्यदेखी तालिम, परीक्षा र पुन: मौका परीक्षा लिई प्रमाणपत्र बितरण गर्ने कार्यमा पाँच महिना लागेको र त्यसपछी भदौ २३ र २४ गते जेनजी आन्दोलनका क्रममा भएको आगलागिका कारण साधारण सभाको बैठक बोलाउनमा केही समय लागेको उल्लेख गरे ।

गत वर्ष २०८२ चौत १२ गतेदेखि यस कार्य समितिले वार्षिक साधारण सभाको बैठक डाकी सो साधारणसभाको बैठकको दोस्रो सत्र लगातार चलेको र कार्यसमितिको प्रतिवेदन उपर गहन रुपमा अध्ययन भई छलफल हुँदा आयब्यय सम्बन्धमा सम्पूर्ण कागजातहरुको अध्ययनका लागी अधिवक्ता रामकुमार यादवको संयोजकत्वमा ५ सदस्यी समिति गठन भएको अध्यक्ष यादवले जानकारी दिए ।

संयोजक यादवले घरायसी कारणले गर्दा पदवाट राजीनामा दिएको र अन्त्यमा निवर्तमान अध्यक्ष रामप्रसाद चौधरीको संयोजकत्वमा अधिवक्ता लोकनाथ यादव, अधिवक्ता जागेश्वर यादव गरी तीन सदस्यीय समितिको गठन भएको उनले जानकारी दिए । तर, संयोजक चौधरीले प्रतिवेदन तयार गरी बन्द सत्रमा उपस्थित नभई सो प्रतिवेदन पेश गर्न सम्पूर्ण जिम्मेवारी अधिवक्ता जागेश्वर यादवलाई दिएका थिए । जिम्मेवारी प्राप्त भएपछी जागेश्वर यादवले

***बाँकी तीन पृष्ठमा***

## बिदेश्वर यादव (विक्की) द्वारा जसपा नेपाल परित्याग

**दैनिक समाचारदाता**
**राजविराज, २३ असोज ।**



जसपा नेपालका केन्द्रीय सदस्य एवं युवा विद्यार्थी तथा खेलकुद बिभागका प्रमुख बिदेश्वर यादव (विक्की) ले शुक्रबार पार्टीको साधारण सदस्य समेत नरहने गरि राजिनामा दिएका छन् ।

मधेश प्रदेशसभाका पूर्वसदस्य समेत रहेका उनले शुक्रबार सामाजिक संजालमा जसपा नेपालप्रति असन्तुष्टि व्यक्त गर्दै वर्तमान राजनीतिक दिशा, आन्तरिक लोकतन्त्रको अवस्था र नेतृत्व विकासप्रतिको दृष्टिकोणसँग गम्भीर असहमति जनाउँदै जनता समाजवादी पार्टी नेपालसँगको आफ्नो पार्टीगत आबद्धताबाट राजीनामा दिने निर्णय गरिएको उल्लेख गरेका छन् ।

उनले संघीयता, सामाजिक न्याय, समानुपातिक समावेशिता, पहिचान, सुशासन र जनताको सम्मानका लागि आफ्नो प्रतिबद्धता रहेको भन्दै लेखेका छन, "मेरो

***बाँकी अन्तिम पृष्ठमा***

## चाडपर्वलाई लक्षित गर्दै सुरक्षा व्यवस्था चुस्त बनाउन विशेष सुरक्षा योजना



**दैनिक समाचारदाता**
**राजविराज, २३ असोज ।**

सप्तरी प्रहरीले चाडपर्वलाई लक्षित गर्दै सुरक्षा व्यवस्था चुस्त बनाउन विषेश सुरक्षा योजना बनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले शुक्रवार पत्रकार सम्मेलनको आयोजना गरी दशै, तिहार तथा छठ पर्वलाई लक्षित गर्दै विषेश सुरक्षा योजना बनाएको जानकारी गराएको हो ।

विषेश सुरक्षा योजना अन्तर्गत पिकेट, पैदल गस्ती,

***बाँकी अन्तिम पृष्ठमा***

## ब्राउन सुगरसहित दुई युवक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २३ असोज ।**

सप्तरीको बोदेबर्साइन नगरपालिका ५ बाट प्रहरीले ब्राउन सुगरसहित दुई युवकलाई पक्राउ गरेको छ ।

जिल्लाको बलान बिहुल गाउँपालिका ५ रामनगरका २१ बर्षीय राकेश कुमार यादव र २६ बर्षीय भारतीय नागरिक ईम्तियाज आलमलाई प्रहरीले बुधबार पक्राउ गरेको हो ।

देउरीबाट बोदेबर्साईन जाँदै गरेको म. प्र.०१-००६ प ०१३१ नम्बर मोटरसाइकल सवार उनीहरुलाई चेकजाँच गर्ने क्रममा ब्राउन सुगर फेला परेको प्रहरीले जनाएको छ ।

भारतीय नागरिक आलमले लगाएको निलो रंगको पाइन्टको खल्तीबाट ७६ ग्राम ८८० मिलिग्राम र प्लाष्टिक बाहेक ७० ग्राम ब्राउन सुगर बरामद भएको जिल्ला प्रहरी कार्यालय सप्तरले जनाएको छ ।

मोटरसाइकलसहित पक्राउ परेका दुबैजनालाई प्रहरी नियन्त्रणमा राखी लागूऔषध ( ब्राउन सुगर) कसुरमा मुद्दा गर्दा गरि सप्तरी जिल्ला अदालत राजविराजबाट १० दिनको म्याद लिइ अनुसन्धान अगाडि बढाइएको सप्तरीका प्रहरी प्रबक्ता डिएसपी हेमराज घिमिरेले जानकारी दिए ।

**चाडपर्व मनाऔंः सामाजिक सद्भाव कायम राखौं**

- आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
- चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायवीच प्रेम, सद्भाव र भाइचारा वढाऔं,
- धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रुपमा सम्मान गरौं,
- चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झै-झगडा र हिंसावाट टाढा रहौं,
- सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
- मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं ।

चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता वलियो वनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### परम्पराको संरक्षण गर्न सबैको दायित्व

दशैं नेपाली समाजको सबैभन्दा ठूलो र महत्वपूर्ण पर्व हो । यो केवल धार्मिक आस्था र परम्परासँग मात्र जोडिएको पर्व होइन, परिवारको पुनर्मिलन, सामाजिक सद्भाव र आपसी आत्मीयताको अवसर पनि हो । तर गत भदौ १० आएको भोटेकोशीको बाढीमा हजारौं व्यक्ति अझै सम्पर्कविहीन छन् भने कयौं व्यक्तिको मृत्यु भएको सरकारी तथ्याङ्कले देखाएको छ । यस्तो अवस्थामा देश शोकमा डुबेको अवस्थामा यस पटकको दशैं भने खल्लो बनेको छ । यसबाहेक यस पटक पछिल्लो समय दशैंको परम्परागत रौनकमा कमी आएको महसुस हुन थालेको छ । महँगी बढ्नु, आम्दानीको तुलनामा खर्च बढ्नु, रोजगारीका लागि ठूलो संख्यामा युवाहरू विदेशिनु तथा आर्थिक गतिविधिमा आएको सुस्तताले दशैंको उत्साहमा असर पारेको छ ।

पहिले दशैं आउनुअघि नै बजारमा किनमेल गर्नेहरूको भीड लाग्थ्यो । कपडा, खाद्यान्न, मिठाई, खेलौना तथा अन्य सामग्रीको व्यापार बढ्थ्यो । गाउँघरमा पनि घर लिपपोत गर्ने, नयाँ लुगा लगाउने र आफन्तको घरमा जाने क्रमले छुट्टै उत्साह सिर्जना गर्थ्यो । अहिले भने धेरै परिवारका लागि दशैं खुसीभन्दा पनि खर्च व्यवस्थापनको चुनौती बन्न थालेको छ । विदेशमा रहेका परिवारका सदस्य घर फर्किन नसक्दा धेरै घरमा पारिवारिक जमघट अधुरो हुन्छ । आर्थिक कठिनाइका कारण कतिपयले विगतजस्तो तडकभडक गर्न नसक्ने अवस्था छ । अर्कोतर्फ, बदलिँदो जीवनशैली र सामाजिक सम्बन्धमा आएको परिवर्तनले पनि परम्परागत सामूहिक उत्सवलाई कमजोर बनाउँदै लगेको छ ।

तसर्थ दशैंको रौनक केवल महँगा कपडा, भोजभतेर र किनमेलमा निर्भर हुनु हुँदैन । यसको वास्तविक सुन्दरता परिवारसँगको आत्मीयता, ज्येष्ठ नागरिकको सम्मान, बालबालिकाको खुसी, आफन्तसँगको भेटघाट र सामाजिक सद्भावमा निहित छ । त्यसैले आर्थिक अवस्था कमजोर भएकै कारण कसैले दशैंको खुसीबाट वञ्चित हुन नपरोस् भन्ने वातावरण बनाउन समाज र राज्य दुवैले ध्यान दिनुपर्छ । यद्दपी परम्पराको संरक्षण गर्दै सबै वर्गका नागरिकले समान रूपमा खुसी मनाउन सक्ने वातावरण निर्माण गर्नु नै आजको आवश्यकता हो ।

### बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# अझै बेचैन छन्–बाढीले खोसेका राष्ट्रसेवकका परिवार

**प्रकाश सिलवाल**
काठमाडौं, २३ असोज (रासस) ।

"भावीले जे गर्न खोजेको हो, त्यो भएरै छाड्ने रहेछ । के गर्नु, मन थामेर चित्त बुझाउनुपरेको छ ।" भोटेकोशी बाढीमा बेपत्ता भएका सशस्त्र प्रहरी जवान सन्तोष पुडासैनीका पिता गोविन्दबहादुर पुडासैनीले छोराको सम्झना गर्दै लामो श्वास फेर्नुभयो ।

बाढीमा बेपत्ता भएका राष्ट्रसेवकमध्ये एक हुनुहुन्छ, नुवाकोटको बेलकोटगढी नगरपालिका–८, अर्चलबोटका सन्तोष पुडासैनी । रसुवाको टिम्मुरेस्थित भन्सार पोस्टमा खटिएका ३३ वर्षीय पुडासैनीसहित नौ सशस्त्र प्रहरीलाई भदौ १० गते आएको बाढीले बगाएर बेपत्ता बनाएको थियो ।

रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीले राष्ट्रसेवक कर्मचारीका परिवारमा अझै बेचैनी छ । बाढीमा आफन्त गुमाएका परिवारले मृत्युको यथार्थ स्वीकार गरिसके पनि कतिपय परिवारले अन्तिमपटक आफ्ना प्रियजनको अनुहारसमेत देख्न पाएका छैनन् ।

परिवारको आशाको केन्द्र र रोजगारीमा रहेको सदस्य मात्र गुमेको छैन, कसैले श्रीमान्, कसैले श्रीमती, कसैले छोराछोरीका पिता वा माता तथा कसैले बुबाआमाको सहारा गुमाएका छन् । अझ पीडादायी अवस्था त ती परिवारको छ, जसले आफ्ना आफन्तलाई बाढीले बगाएको देखे तर शव भेट्न सकेनन् । अन्ततः परम्पराअनुसार कुशको शव बनाएर अन्त्येष्टि गर्नुपर्ने बाध्यता उनीहरूमाथि आइपरेको छ । प्राकृतिक विपत्तिले घर, सम्पत्ति र संरचना मात्र बगाउँदैन । त्यसले परिवारको भविष्य, सपना र सम्बन्धसँग जोडिएका धेरै कुरा एकैपटक खोसिदिन्छ । भोटेकोशी बाढीबाट प्रभावित राष्ट्रसेवकका परिवारको पीडा त्यसकै एउटा उदाहरण हो ।

सशस्त्र प्रहरी सेवामा नौ वर्ष बिताउनुभएका सन्तोषले गत मङ्सिर १९ गते भैरवकोटकी सावित्री खड्कासँग विवाह गर्नुभएको थियो । सेवाका कारण महिनामा एकपटक घर आउने सन्तोषको विवाहपछि परिवारमा नयाँ आशा थपिएको थियो । तर, वैवाहिक जीवन सुरु भएको केही महिनामै बाढीले उहाँलाई परिवारबाट खोस्यो ।

उहाँका अनुसार बुहारी सावित्रीले अहिलेसम्म श्रीमान्को वियोगलाई सहज रूपमा स्वीकार गर्न सक्नुभएको छैन । खानासमेत राम्ररी खान नसक्ने अवस्थामा रहेकी सावित्रीलाई बेलाबेलामा स्लाइन पानीसमेत लगाउनुपरेको छ । "म छोरा गुमाउँदाको पीडामा छु । बुहारीको त विवाह गरेकै वर्ष सर्वस्व गयो । विवाह पनि धुमधामसँग गरेका थियौं । घरमा सबै खुसी थिए । बाढीले त्यो खुसी सबै लुट्यो", उहाँले भन्नुभयो ।

सन्तोषको बेपत्तापछि दक्षिण कोरियामा रहेका उहाँका भाइसमेत गाउँ फर्किनुभएको छ । परिवारका सदस्यका लागि अहिले सन्तोषको सम्झना नै सबैभन्दा ठूलो सहारा बनेको छ । एकातिर प्रियजन फर्कने आशा समाप्तजस्तै भएको छ भने अर्कोतिर अन्तिम संस्कारसमेत पूरा गर्न नसकेको पीडा छ । पिता गोविन्दबहादुरका अनुसार सशस्त्र प्रहरी सङ्गठनका अधिकारीले धैर्य गर्न आग्रह गरे पनि परिवारले हालसम्म सरकारीस्तरबाट नगद सहयोग वा अन्य राहत प्राप्त गरेको छैन ।

**'बाबा कहिले आउनुहुन्छ ममी ?'**

भोटेकोशीमा बेपत्ता भएका अर्का राष्ट्रसेवक हुनुहुन्छ, नुवाकोटको लिखु गाउँपालिका–१, ढिकुरेका ३५ वर्षीय सशस्त्र प्रहरी सहायक हवलदार आशिष पौडेल । मैलुङ जलविद्युत् आयोजनामा कार्यरत आशिष बाढी आउनुभन्दा करिब १५ दिनअघि मात्र घर आउनुभएको थियो । परिवारसँग केही समय बिताएर पुनःकर्तव्यमा फर्किनुभएका उहाँ घरमा फर्कन नपाउँदै बाढीमा बेपत्ता हुनुभयो ।

आशिषकी श्रीमती जानुका भण्डारी अहिले चार वर्षीय छोरासहित श्रीमान्को प्रतीक्षामा हुनुहुन्छ । केही दिनअघि राष्ट्रसेवक कर्मचारी समाजले उपलब्ध गराएको राहत लिन विदुर आउनुभएकी जानुका कार्यक्रममा परिचय दिने क्रममा 'म आशिष पौडेलको श्रीमती' भन्नासाथ भक्कानिनुभयो । आँखाबाट आँसु झार्दै उहाँले भन्नुभयो, "छोरालाई बाबाको दुःखद् खबरबारे बुझाएर भनिएको छैन । बुझ्ने बेला पनि भएको छैन । तर 'बाबा कहिले आउनुहुन्छ ममी ?' भन्दा नाजवाफ भएर आँसु पुछ्नुबाहेक अरू विकल्प हुँदैन ।"

चार वर्षको बालकका लागि बुबा कहाँ हुनुहुन्छ भन्ने प्रश्नको जवाफ दिन जानुकालाई कठिन भइरहेको छ । श्रीमान्को अवस्था के भयो भन्ने स्पष्ट खबर नपाउँदा उहाँ स्वयं पनि अन्योलमा हुनुहुन्छ । "के भन्ने, के नभन्ने अन्योलमा परेको छु", जानुकाले भन्नुभयो ।

सन्तोषकी श्रीमती सावित्री र आशिषकी श्रीमती जानुकाजस्ता परिवारका लागि बाढी गएको महिना दिन बितिसकेको भए पनि त्यो दिनले दिएको पीडा अझै सकिएको छैन । नदीमा आएको भेल रोकिएको छ, तर उनीहरूको मनमा उठेको भेल भने अझै थामिएको छैन ।

आशिष र सशस्त्र प्रहरी जवान साजन कुँवरले भोटेकोशी बाढीमा कर्तव्य निर्वाहका क्रममा जीवन गुमाउनुभएको थियो । गत साता सशस्त्र प्रहरी महानिरीक्षक नारायणदत्त पौडेलले नुवाकोटको लिखु गाउँपालिका–१, बरफेदी पुगेर उहाँहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो । महानिरीक्षक पौडेलले पीडित परिवारसँग भेट गरी समवेदना तथा सहानुभूति व्यक्त गर्नुभएको थियो । उहाँले बेपत्ता सशस्त्र प्रहरी कर्मचारीको खोज तथा उद्धार कार्यमा सशस्त्र प्रहरी बल निरन्तर समर्पित रहने प्रतिबद्धतासमेत व्यक्त गर्नुभएको थियो ।

**एउटै विपत्तिले धेरै परिवारको आधार खोस्यो**

भोटेकोशी बाढीले रसुवा र नुवाकोटका सर्वसाधारणसँगै सरकारी तथा सार्वजनिक सेवा प्रवाहमा खटिएका राष्ट्रसेवक कर्मचारीलाई पनि ठूलो क्षति पुऱ्याएको छ । कर्तव्य निर्वाहकै क्रममा कर्मचारीको मृत्यु तथा बेपत्ता भएपछि उनीहरूका परिवार आर्थिक, सामाजिक र मानसिक रूपमा थप प्रभावित भएका छन् ।

यही अवस्थालाई ध्यानमा राख्दै नुवाकोटलाई जन्मथलो बनाएर विभिन्न सरकारी सेवामा कार्यरत तथा सेवानिवृत्त कर्मचारीको साझा संस्था राष्ट्रसेवक कर्मचारी समाज नुवाकोटले प्रभावित परिवारलाई राहत उपलब्ध गराएको छ । समाजले केही दिनअघि विदुरमा आयोजित कार्यक्रममा बाढीका कारण मृत्यु तथा बेपत्ता भएका राष्ट्रसेवक कर्मचारीका परिवारलाई जनही रु २५ हजारका दरले नगद सहयोग प्रदान गरेको हो ।

समाजका अध्यक्ष उदयबहादुर रानामगरका अनुसार सरकारी तथा सरकारी स्वामित्वका सार्वजनिक सेवाप्रवाहमा कार्यरत नुवाकोटलाई जन्मथलो बनाएर राष्ट्र सेवामा कार्यरत २१ जना राष्ट्रसेवक कर्मचारी बाढीका कारण मृत्यु तथा बेपत्ता भएको तथ्याङ्कका आधारमा राहत उपलब्ध गराइएको हो । "राष्ट्र सेवामा समर्पित भएर कार्यक्षेत्रमा खटिएका कर्मचारी आफैं बाढीमा परी प्रभावित हुनु दुःखद् अवस्था हो ।" रक्षा मन्त्रालयका सहसचिव रानामगरले भन्नुभयो, "यस दुःखको घडीमा राष्ट्रसेवक कर्मचारी समाजकातर्फबाट नगद सहयोगसहित आगामी दिनमा प्रभावित परिवारलाई आवश्यक सहयोग र सहजीकरण गरिनेछ ।"

आफ्नै सहकर्मी तथा राष्ट्रसेवामा समर्पित कर्मचारीका परिवार विपत्तिमा परेपछि समाजमा आबद्ध कर्मचारीले व्यक्तिगत योगदानबाट राहत रकम जुटाएका हुन् । समाजका कोषाध्यक्ष कृष्णराज खतिवडाकाअनुसार राहतका लागि समाजमा आबद्ध ८५ जना कर्मचारीबाट रु तीन लाख एक हजार २२५ सङ्कलन भएको थियो । त्यसमा संस्थाको कोषबाट थप रु दुई लाख व्यवस्था गरी प्रभावित परिवारलाई राहत उपलब्ध गराइएको हो ।

सहकर्मीको योगदानबाट जुटेको रकम ठूलो आर्थिक सहायता नभए पनि विपत्तिमा परेका परिवारका लागि त्यसले आत्मियता र साथको अनुभूति गराएको छ । विशेषगरी आफन्तको अवस्था अझै स्पष्ट हुन नसकेका परिवारका लागि यस्तो सहयोग आर्थिकभन्दा पनि सामाजिक र मनोवैज्ञानिक सहाराका रूपमा देखिएको छ ।

नुवाकोटलाई जन्मथलो बनाई विभिन्न सरकारी सेवामा कार्यरत तथा सेवानिवृत्त कर्मचारीको साझा संस्थाका रूपमा राष्ट्रसेवक कर्मचारी समाजले कर्मचारीको हकहितका साथै जिल्लाको विकास, समृद्धि र सकारात्मक परिवर्तनका लागि विभिन्न रचनात्मक गतिविधि सञ्चालन गर्दै आएको छ । अहिले समाजका लागि सबैभन्दा ठूलो दायित्व बाढीमा आफ्ना सदस्य गुमाएका परिवारका साथमा उभिनु बनेको छ । हराएका प्रियजनको खोजी, परिवारलाई आवश्यक राहत, बालबालिकाको भविष्य र मानसिक पीडाबाट बाहिर ल्याउने प्रयासमा राज्य र सम्बन्धित संस्थाको निरन्तर साथ आवश्यक देखिन्छ ।

भोटेकोशी बाढीले पुऱ्याएको क्षतिको पूर्ण विवरण अझै समेटिँदै गर्दा राष्ट्रसेवक परिवारका पीडा भने तत्काल मेटिने अवस्थामा छैनन् । कतिपय परिवारले मृत्युको पीडा स्वीकार गरिसकेका छन्, कतिपयले शवसमेत देख्न नपाई अन्तिम संस्कार गरेका छन् भने कतिपयको मनमा अझै प्रियजन फर्कने झिनो आशाको त्यान्द्रो बाँकी छ ।

# कोरला नाकाबाट ५४३ टन फलफूल आयात

मुस्ताङ, २३ असोज (रासस) ।

चीनबाट एघार दिनको अवधिमा पाँच सय ४३ टन फलफूल आयात भएको छ ।

नेपाल–चीन उत्तरी कोरलानाकाबाट उक्त फलफूल आयात भएको हो । कोरलास्थित लोमान्थाङ–४ न्हेचुङस्थित क्वारेन्टाइन कार्यालयका अनुसार भारी वर्षा र हिमपातपछि कोरलानाकाबाट उक्त परिमाणमा चिनियाँ फलफूल भित्रिएको जनाएको हो ।

क्वारेन्टाइन कार्यालयका प्राविधिक सहायक बन्दना घर्तीमगरका अनुसार पछिल्लो एघार दिनमा कोरलानाका हुँदै स्याउ ८७ दशमलव ३०० टन, आँप १६ दशमलव १०० टन र ड्रागन फ्रुट आठ दशमलव ३१६ टन चिनियाँ फलफूल नेपाल भित्रिएको हो ।

भारी वर्षा र हिमपातपछि असोज ११ गतेदेखि बेनी–जोमसोम–कोरला सडक पूर्ण रुपमा अवरुद्ध हुँदा कोरलानाकाबाट नेपाल भित्रिएका चिनियाँ फलफूलजन्य मालवस्तु गन्तव्यतर्फ लैजान कठिनाइ भइरहेको छ ।

आयात भएका चिनियाँ फलफूलजन्य मालवस्तु लामो समयसम्म कन्टेनरभित्र गुम्सिएर रहँदा सड्ने र बिग्रने जोखिमसमेत बढेको छ ।

यसैबीच, मुस्ताङको जोमसोममा बिहीबार एक कन्टेनरमा ढुवानी गरिएको ड्रागन फ्रुट स्थानीयलाई वितरण गरिएको थियो । करिब रु २४ लाख ५० हजार मूल्य बराबरको ड्रागन फ्रुट समयमै गन्तव्यमा पुऱ्याउन नसकेपछि मुस्ताङको जोमसोममा स्थानीयलाई वितरण गरेको कम्पनीका प्रतिनिधि सुवास सुनुवारले जानकारी दिनुभयो ।

उहाँले कन्टेनरमा करिब आठ टन चिनियाँ ड्रागन फ्रुट रहेकोमा कुहिनुभन्दा स्थानीयलाई वितरण गरेको जानकारी दिनुभयो । योसँगै ड्रागनको मूल्य, कन्टेनर भाडा र भन्सार राजस्व गरी अनुमानित रु ३० लाखको फलफूल क्षति भएको छ ।

# अपाङ्गता भएका मतदाताका लागि पहुँचयुक्त मतदान प्रणाली माग

काठमाडौँ, २३ असोज (रासस) । दृष्टिविहीन तथा अन्य अपाङ्गता भएका व्यक्तिले रोजेको उम्मेदवार पहिचान गरी स्वतन्त्र र गोप्य रूपमा मतदान गर्न सक्ने प्रविधिमा आधारित पहुँचयुक्त मतदान प्रणाली माग गर्दै सर्वोच्च अदालतमा परेको रिट निवेदनमा विपक्षीका नाममा कारण देखाऊ आदेश जारी भएको छ ।

साथका अध्यक्ष नवीना ज्ञवाली, दृष्टिविहीन कल्याण सङ्घका तर्फबाट निर्मला ज्ञवाली तथा महिला, कानुन र विकास मञ्चका तर्फबाट अधिवक्ता सुष्मा गौतमसमेतले आगामी निर्वाचनदेखि यस्तो व्यवस्था लागू गर्न माग गर्दै नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र निर्वाचन आयोगलगायतलाई विपक्षी बनाई असोज २१ गते रिट दर्ता गरेका थिए ।

रिटमाथि सर्वोच्च अदालतका न्यायाधीश हरिप्रसाद फुयाँलको एकल इजलासले बिहीबार विपक्षीका नाममा कारण देखाऊ आदेश जारी गर्दै मुद्दालाई प्राथमिकता र अग्राधिकार दिने आदेशसमेत भएको छ । रिट निवेदकहरूले अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ ले अपाङ्गता भएका व्यक्तिलाई अन्य नागरिकसरह समान आधारमा भयमुक्त वातावरणमा निर्वाचनमा उम्मेदवार बन्ने तथा स्वेच्छिक रूपमा आफूले रोजेको व्यक्तिको सहयोग लिएर वा नलिएर मतदान गर्ने अधिकार सुनिश्चित गरेको उल्लेख गरेका छन् ।

ऐनले मतदानको प्रक्रिया, सुविधा र सामग्री अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त तथा बुझ्न र प्रयोग गर्न सकिने बनाउनुपर्ने दायित्व राज्यलाई दिएको छ । त्यस्तै, अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९ ले मतदाता नामावली सङ्कलनदेखि मतदानसम्मका प्रक्रिया तथा मतदान केन्द्रसम्म अपाङ्गता भएका व्यक्तिको पहुँच सुनिश्चित गर्नुपर्ने व्यवस्था गरेको छ ।

निर्देशिकामा आवश्यकताअनुसार र्‍याम्पको व्यवस्था, पङ्क्तिमा बसेर मतदान गर्न कठिन हुने व्यक्तिका लागि अग्राधिकार तथा दृष्टिविहीन व्यक्तिका लागि ब्रेलसहितको मतपत्र वा पहुँचयुक्त विद्युतीय मतदान मेसिनको अभ्यास क्रमशः लागू गर्ने व्यवस्था भए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको निवेदकहरूको दाबी छ ।

मञ्चको नेतृत्वमा गरिएको निर्वाचनसम्बन्धी पर्यवेक्षणबाट समेत मतदान केन्द्रमा अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक पहुँचयुक्त संरचना र सुविधा पर्याप्त नभएको तथ्य देखिएको रिटमा उल्लेख छ ।

रिटमा दृष्टिविहीन तथा अन्य अपाङ्गता भएका मतदाताले आफूले रोजेको उम्मेदवार पहिचान गर्न, आफैँ वा आफूले रोजेको व्यक्तिको सहयोगमा मत सङ्केत गर्न तथा मतदानको गोपनीयता कायम राख्न सक्ने प्रविधिमा आधारित मतदान प्रणाली स्थापना गर्न माग गरिएको छ ।

त्यसका लागि आवश्यक नीति, नियम, मापदण्ड र प्रविधिको व्यवस्था गरी आगामी निर्वाचनदेखि नै लागू गर्न निर्वाचन आयोग तथा नेपाल सरकारका नाममा परमादेश जारी गर्न माग गरिएको छ । त्यसैगरी, दृष्टिविहीन वा शारीरिक अशक्तता भएका मतदातालाई मतदानमा सहयोग गर्ने व्यक्तिलाई एकाघर परिवारको सदस्यमा सीमित गर्ने विद्यमान कानुनी व्यवस्था पुनरावलोकन गरी आवश्यक अवस्थामा मतदाताले आफूले रोजेको व्यक्तिबाट सहयोग लिन सक्ने व्यवस्था गर्न माग गरिएको छ ।

प्रत्येक मतदान केन्द्रमा अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना भए-नभएको सुनिश्चित गर्न विस्तृत पहुँचसम्बन्धी जाँचसूची र न्यूनतम मापदण्ड लागू गर्न तथा पहुँचयुक्त विद्युतीय मतदान प्रणालीसम्बन्धी कानुनी व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्न पनि माग गरिएको छ ।

रिटमा निर्वाचनअघि र निर्वाचनका क्रममा दृष्टिविहीनलगायत अपाङ्गता भएका मतदाताका लागि ब्रेल, ठूलो अक्षर, सरल भाषा तथा अन्य उपयुक्त ढाँचामा मतदाता शिक्षा र सूचना सामग्री उपलब्ध गराउन माग गरिएको छ ।

अपाङ्गता भएका व्यक्तिलाई निर्वाचन कर्मचारी तथा पर्यवेक्षकका रूपमा समावेश गर्न र निर्वाचनसम्बन्धी नीति, कानुन, कार्यविधि, निर्देशिका तथा मापदण्ड निर्माण र कार्यान्वयनमा अपाङ्गता भएका व्यक्ति तथा अधिकारका क्षेत्रमा कार्यरत सङ्घसंस्थाको प्रभावकारी सहभागिता र सार्थक परामर्श सुनिश्चित गर्न पनि माग गरिएको छ ।

# बालविवाहको दर घटे पनि विपन्न परिवारका किशोरी जोखिममै

काठमाडौँ, २३ असोज (रासस) । पछिल्लो एक दशकमा बालविवाहको दर घटे पनि अति विपन्न परिवारका किशोरीहरू अझै बढी जोखिममा रहेको संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ) को एक प्रतिवेदनले देखाएको छ ।

अन्तरराष्ट्रिय बालिका दिवसका अवसरमा युनिसेफले सार्वजनिक गरेको 'नेपालमा बालविवाह अन्त्यका लागि एक दशकको तथ्याङ्क र एक आह्वान' नामक नयाँ पैरवी प्रतिवेदनअनुसार २० देखि २४ वर्ष उमेर समूहका १८ वर्ष नपुग्दै विवाह भएका महिलाको अनुपात सन् २००४ मा ३७ प्रतिशत रहेकामा सन् २०२४-२५ मा घटेर २८ प्रतिशतमा झरेको छ । त्यस्तै, १५ वर्ष नपुग्दै विवाह भएका किशोरीको अनुपात १० प्रतिशतबाट घटेर पाँच प्रतिशतमा पुगेको छ ।

नेपाल बहुसूचक सर्वेक्षण (एनएमआइसिएस) सन् २०१४, २०१९ र २०२४-२५ का तथ्याङ्को विश्लेषणमा आधारित प्रतिवेदनले बालविवाह न्यूनीकरणमा भएको प्रगतिसँगै यसलाई पूर्ण रूपमा अन्त्य गर्न थप लक्षित प्रयास आवश्यक रहेको औँल्याएको छ ।

हरेक वर्ष अक्टोबर ११ मा मनाइने अन्तरराष्ट्रिय बालिका दिवसका अवसरमा सार्वजनिक प्रतिवेदनले सन् २०३० सम्म बालविवाह अन्त्य गर्ने दिगो विकास लक्ष्य हासिल गर्न सरकार, विकास साझेदार, नागरिक समाज र समुदायको संयुक्त प्रयास आवश्यक रहेको उल्लेख गरेको छ । यस वर्षको विश्वव्यापी नाराले बालविवाह अन्त्य गर्न र बालिकाको अधिकार सुनिश्चित गर्न लगानी बढाउनुपर्नेमा जोड दिएको छ ।

प्रतिवेदनअनुसार नेपालमा बालविवाह घट्नुका साथै बालिकाहरूको विद्यालयमा पहुँच बढेको र विवाह गर्ने औसत उमेरमा समेत वृद्धि भएको छ । सन् २००१ मा पहिलो विवाहको औसत उमेर १७ वर्ष रहेकामा सन् २०२४-२५ मा बढेर १० दशमलव छ वर्ष पुगेको छ ।

तर, बालविवाह न्यूनीकरणको प्रगति सबै सामाजिक तथा आर्थिक समूहमा समान रूपमा देखिएको छैन । प्रतिवेदनले गरिबीलाई बालविवाहको प्रमुख जोखिमका रूपमा औँल्याउँदै सबैभन्दा विपन्न परिवारका किशोरीहरूमा तुलनात्मक रूपमा धनी परिवारका किशोरीको भन्दा १८ वर्षअघि विवाह हुने सम्भावना ४ दशमलव ४ गुणा बढी रहेको जनाएको छ । पछिल्ला वर्षमा विपन्न परिवारमा बालविवाहको दरमा खासै सुधार नदेखिए पनि धनी परिवारमा भने उल्लेख्य सुधार भएको प्रतिवेदनमा उल्लेख छ ।

यसैगरी, बाढीलगायत जलवायुजन्य विपद्ले बालिकाहरूको शिक्षामा अवरोध पुर्‍याउनुका साथै परिवारको आयआर्जनमा असर पार्न सक्ने र जोखिममा रहेका परिवारको आर्थिक कठिनाइ बढाउन सक्ने प्रतिवेदनले जनाएको छ । यस्ता परिस्थितिले बालविवाह तथा बालबालिकामाथि हुने हिंसाको जोखिमसमेत बढाउन सक्ने भएकाले विपद्पछिको पुनःस्थापना र संरक्षणका कार्यक्रममा बालिकाको आवश्यकतालाई प्राथमिकता दिनुपर्ने देखिएको छ ।

नेपालका लागि युनिसेफकी प्रतिनिधि एलिस अकुङ्गाले उपलब्ध तथ्याङ्कले बालविवाह घटाउन नेपालले महत्त्वपूर्ण प्रगति गरेको भए पनि सबै बालिकाले यसको समान लाभ लिन नसकेको बताउनुभयो । तर यो प्रगति पर्याप्त भएको र विशेषगरी विपन्न र सीमान्तकृत समुदायका धेरै बालिका अझै बालविवाहको जोखिममा रहेको उहाँको भनाइ छ ।

बालविवाह अन्त्य गर्न सके बालिकाहरूले पढाइलाई निरन्तरता दिन, स्वस्थ जीवन बिताउन तथा आफ्नो समुदाय र देशको विकासमा योगदान पुर्‍याउन थप अवसर पाउने उहाँको भनाइ छ । प्रतिवेदनले बालविवाह न्यूनीकरणमा शिक्षाको महत्त्वपूर्ण भूमिका रहेको पनि औँल्याएको छ । माध्यमिक शिक्षा पूरा गर्ने बालिकाहरूमा १८ वर्षअघि विवाह हुने जोखिम कम देखिए पनि बालविवाहको उच्च जोखिममा रहेका किशोरीहरू नै गरिबी तथा अन्य समस्याका कारण बीचमै विद्यालय छाड्न बाध्य हुने सम्भावना बढी रहेको उल्लेख गरिएको छ ।

युनिसेफ नेपालका किशोरी सशक्तीकरणका युवा अभियन्ता स्वर्णिमा कँडेलले प्रत्येक बालिकाले पढाइलाई निरन्तरता दिने, आफ्नो सपना पूरा गर्ने र भविष्यबारे आफैँ निर्णय गर्ने अवसर पाउनुपर्ने बताउनुभयो । प्रतिवेदनले बालविवाह अन्त्य गर्न अति विपन्न परिवारका बालिकालाई प्राथमिकतामा राखेर सहयोग गर्ने, किशोरावस्थासम्म विद्यालयमा टिकाइराख्ने, बाल संरक्षण प्रणालीलाई सुदृढ बनाउने तथा बालविवाहलाई प्रोत्साहन गर्ने नकारात्मक सामाजिक सोच र व्यवहार परिवर्तनका कार्यक्रमलाई तीव्रता दिनुपर्ने सुझाव दिएको छ ।

युनिसेफले दिगो विकास लक्ष्यअनुसार सन् २०३० सम्म बालविवाह अन्त्य गर्ने समयसीमा नजिकिँदै गर्दासरकार, विकास साझेदार, नागरिक समाज, समुदाय तथा युवा र किशोरकिशोरीलाई यसविरुद्ध एकजुट भएर काम गर्न आह्वान गरेको छ ।

### निवर्तमान ...

प्राप्त गरेको निर्देशन र जिम्मेवारी अनुसार साधारणसभाको बन्द सत्रमा प्रतिवेदन प्रस्तुत गरी सो समेत सन्दर्भमा गहन छलफल भए पश्चात सचिव र कोषाध्यक्षको प्रतिवेदनहरु सर्वसम्मतिले पास भएको उनको भनाई छ । यद्पी साधारणसभाबाट पारित प्रतिवेदनहरुप्रति पनि निवर्तमान अध्यक्ष चौधरीले असहमति जनाउँदै आएको उनको भनाई छ ।

यस्तै सोही पत्रकार सम्मेलनमा जिल्ला बारको शौचालयलाई व्यवस्थित गर्नका लागी आवश्यक सामाग्रीहरु ल्याई जनमजदुर लगाउँदा निवर्तमान अध्यक्ष राम प्रसाद चौधरी, प्रत्यशी अध्यक्ष उम्मेदवार उपेन्द्र प्रसाद यादव र यस बारका सदस्य शिवनाथ प्रसाद साह मिली अभद्र रुपमा जन मजदुरलाई समेत हप्काई धाक धम्की देखाई काम बन्द गराएको जानकारी दिए ।

पत्रकार सम्मेलनमा बारका पूर्वअध्यक्षहरु सुरेन्द्र यादव, दुर्गानन्द चौधरी, डोमन साह, कोषाध्यक्ष निलम कुमारी यादव, उपाध्यक्ष मिस्टर चौधरी, सचिव रामएकवाल मण्डल लगायत जिल्ला बारका अधिवक्ताहरुको उपस्थिति रहेको थियो ।

## विश्व समाचार

### भारतमा प्रदर्शनअघि २० हजार प्रहरी तैनाथ

नयाँदिल्ली, २३ असोज (रासस/एएफपी) ।

मतदाता सूचीमा अनियमितता भएको भन्दै आरोप लगाउँदै निर्वाचन आयोगका प्रमुखलाई पदमुक्त गर्न माग गरी शनिबार हुने प्रदर्शनअघि भारतको राजधानी नयाँदिल्लीमा २० हजारभन्दा बढी प्रहरी तथा अर्धसैनिक सुरक्षाकर्मी परिचालन गरिएको छ । भारतको निर्वाचन आयोगले मतदाता सूचीको 'विशेष गहन पुनरावलोकन' प्रक्रिया अघि बढाएपछि यसै महिना विरोध प्रदर्शन चर्किएको हो ।

आयोगले दोहोरो नाम भएका र अयोग्य मतदातालाई हटाउन प्रक्रिया सञ्चालन गरिएको बताएको छ । तर, विपक्षी दल तथा आलोचकहरूले प्रधानमन्त्री नरेन्द्र मोदीको भारतीय जनता पार्टी (भाजपा) लाई फाइदा पुग्ने गरी मतदातालाई मतदानको अधिकारबाट वञ्चित गर्न खोजिएको आरोप लगाएका छन् ।

विरोध प्रदर्शनमा प्रमुख विपक्षी भारतीय राष्ट्रिय कङ्ग्रेसका नेता राहुल गान्धीसहित अन्य नेताहरू सहभागी हुँदै आएका छन् । यसै साता प्रदर्शनका क्रममा गान्धीलाई केही समय हिरासतमा समेत लिइएको थियो । संसद्मा विपक्षी दलका नेता गान्धीसहित अन्य नेताहरूले शुक्रबार राष्ट्रपति द्रौपदी मुर्मुसँग भेट गरी निर्वाचन आयोगका प्रमुख ज्ञानेश कुमारविरुद्ध उजुरी गर्ने अपेक्षा गरिएको छ ।

निर्वाचन सञ्चालनको जिम्मेवारी पाएको संवैधानिक निकाय आयोगले भने आफूमाथिका आरोप अस्वीकार गरेको छ । प्रेस ट्रस्ट अफ इन्डियाका अनुसार शनिबारको प्रदर्शनलाई ध्यानमा राख्दै राजधानीमा २० हजारभन्दा बढी प्रहरी तथा अर्धसैनिक अधिकारी परिचालन गरिएको छ । एएफपीका पत्रकारले सहरका प्रमुख सडकमा पहेँलो धातुका अवरोधक राखिएको र सरकारले तोकेको जन्तरमन्तर प्रदर्शनस्थलमा आवागमन प्रतिबन्धित गरिएको देखेका छन् । प्रहरीले उक्त स्थलमा ऱ्याली गर्न अनुमति दिएको छैन ।

अनलाइनबाट सुरु भएको व्यङ्ग्यात्मक राजनीतिक अभियान ककोच जनता पार्टी (सिजेपी) ले शनिबार राजधानीमा 'जन परिचालन' कार्यक्रम आयोजना गर्दै जन्तरमन्तरसम्म मार्च गर्ने आह्वान गरेको छ । उक्त समूहले यसअघि जन्तरमन्तरमा प्रदर्शनको नेतृत्व गर्दै तत्कालीन शिक्षामन्त्रीलाई हटाउने अभियानमा सफलता पाएको थियो । सिजेपीले आफ्ना स्वयंसेवक तथा समर्थकलाई प्रदर्शनअघि नै प्रहरीले हिरासतमा लिएको आरोप लगाएको छ । यस विषयमा प्रहरीले प्रतिक्रिया दिएको छैन । सिजेपीका कार्यकर्ता सौरभ दासले सामाजिक सञ्जालमा दिल्ली प्रहरी भाजपाको निजी सुरक्षादलजस्तै बनेको आरोप लगाउनुभएको छ ।

### मध्यावधि चुनावअघि इरानमा आक्रमण नगर्ने ट्रम्पको घोषणा

वासिङ्टन, २३ असोज (रासस/एएफपी) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नोभेम्बर ३ मा हुने मध्यावधि निर्वाचनअघि इरानमाथि आक्रमण नगर्ने घोषणा गर्नुभएको छ । उहाँले इरानसँग फलदायी छलफल भइरहेको बताउँदै आर्थिक र सैन्य रूपमा इरान कमजोर अवस्थामा रहेको दाबी गर्नुभएको छ । ट्रम्पको घोषणाअघि अमेरिकी सञ्चारमाध्यमले ह्वाइट हाउसले इरानका सम्भावित सैन्य लक्ष्यमा आक्रमणको योजना बनाउन पेन्टागनलाई निर्देशन दिएको समाचार सार्वजनिक गरेका थिए । यसैबीच, हर्मुज जलडाँटीमा तनाव र यमनका इरानसमर्थित हुथी तथा साउदी अरबबीचको शत्रुताले कच्चा तेलको मूल्य प्रतिब्यारेल १०५.८८ अमेरिकी डलरसम्म पुगेको थियो ।

अमेरिका र इजरायलले फेब्रुअरी २८ मा इरानविरुद्ध युद्ध सुरु गरेपछि बढेको इन्धनको मूल्यप्रति अमेरिकी मतदाता असन्तुष्ट रहेको जनमत सर्वेक्षणले देखाएका छन् । युद्ध अन्त्य भएपछि मूल्य घट्ने ट्रम्पको दाबीले मतदातालाई आश्वस्त पार्न सकेको छैन । अमेरिकामा मध्यावधि निर्वाचन नजिकिँदै गर्दा ट्रम्पको रिपब्लिकन पार्टीले कङ्ग्रेसमा बहुमत गुमाउन सक्ने जोखिम छ । डेमोक्रेटहरूले प्रतिनिधिसभामा बहुमत पाए आफूले तेस्रो महाभियोग सामना गर्नुपर्ने ट्रम्पले चेतावनी दिनुभएको छ ।

इरानले लस एन्जलस र सान डियागोमा आक्रमण गर्न सक्ने आशयको अभिव्यक्तिलाई लिएर भएको आलोचनापछि ट्रम्पले सञ्चारमाध्यमले आफ्नो भनाइको गलत व्याख्या गरेको आरोप लगाउनुभयो । इरानसँग आणविक हतियार नभएको अवस्थामा पेट्रोलको मूल्यमा भएको अस्थायी वृद्धि सानो मूल्य भएको उहाँले बताउनुभयो ।

### मध्यपूर्व युद्ध अन्त्यमा सघाउने पुटिनको प्रस्ताव

अस्गाबात (तुर्कमेनिस्तान), २३ असोज (रासस/एएफपी) ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले मध्यपूर्व युद्ध अन्त्यका लागि सहयोग गर्न तयार रहेको बताउनुभएको छ । उहाँले शुक्रबार क्षेत्रीय शिखर सम्मेलनमा इरानी राष्ट्रपति मसुद पेजेस्कियानसँगको भेटमा यस्तो प्रस्ताव गर्नुभएको हो । पुटिनले अमेरिका र इजरायलले फेब्रुअरी २८ मा आक्रमण सुरु गरेयता इरानले युद्ध अन्त्यका लागि वास्तविक प्रयास गरिरहेको बताउनुभयो । उहाँले रुस-इरान सम्बन्ध सकारात्मक रूपमा अघि बढिरहेको उल्लेख गर्नुभयो । तर, इरानले रुसलाई ड्रोन तथा क्षेप्यास्त्र उपलब्ध गराएको र रुसले अमेरिकी लक्ष्यमा आक्रमण गर्न इरानलाई सूचना दिएको आरोप दुवै देशले खेपिरहेका छन् ।

इरान र अमेरिकाबीचको वार्ता निष्कर्षमा पुग्न सकेको छैन । राष्ट्रपति पेजेस्कियानले अमेरिकी अडान एकपक्षीय रहेको भन्दै वार्तालाई अर्थहीन बताउनुभएको छ । यसैबीच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नोभेम्बर ३ को मध्यावधि निर्वाचनअघि इरानमाथि पुनः आक्रमण नगर्ने बताउँदै वासिङ्टन र तेहरानबीच फलदायी छलफल भइरहेको दाबी गर्नुभएको छ । पुटिन र पेजेस्कियान स्वतन्त्र राष्ट्रहरूको राष्ट्रमण्डल (सिआइएस) शिखर सम्मेलनमा सहभागी हुन तुर्कमेनिस्तान पुग्नुभएका हुन् । सन् १९९१ मा सोभियत सङ्घ विघटनपछि स्थापना भएको सङ्गठनबाट जर्जिया र युक्रेन बाहिरिएका छन् ।

विश्लेषकहरूका अनुसार युक्रेन युद्धपछि अन्तर्राष्ट्रिय रूपमा एक्लिएको रुसका लागि सिआइएस क्षेत्रीय प्रभाव देखाउने मञ्च हो । तर, सदस्य राष्ट्रहरूले चीन र पश्चिमी मुलुकसँग पनि सम्बन्ध विस्तार गरिरहेकाले रुसको अडानलाई स्वतः समर्थन नगर्ने कजाकिस्तानका अनुसन्धानकर्ता झानिबेक आरिनोभले बताउनुभएको छ ।

# अपाङ्गता भएका ब्यक्तिलाई जलवायु न्याय सम्बन्धी तालिम



**दैनिक समाचारदाता**
**राजविराज, २३ असोज ।**

अपाङ्गता भएका ब्यक्तिहरुलाई विपद्बाट हुने जोखिमलाई न्युन गर्ने उद्देश्यले राजविराजमा अपाङ्गता समावेशी जलवायु परिवर्तत तथा जलवायु न्याय सम्बन्धी शुक्रबारदेखी दुई दिने तालिम सञ्चालन गरिएको छ ।

युरोपियन युनियन र सिविएम आयरल्याण्डको सहयोगमा समावेशी अपाङ्ग संघको आयोजनामा सञ्चालित सो तालिममा अपाङ्गता, जलवायु परिवर्तन, जलवायु न्याय, स्थानीय सरकारको भूमिका जस्ता बिषयहरुमा प्रशिक्षण गरिने संस्थाका अध्यक्ष सतिशचन्द्र झाले जानकारी दिए ।

जलवायु परिवर्तनका कारण अपाङ्गता भएका ब्यक्तिहरुको जोखिम न्युनीकरण गर्न, जोखिमबाट जोगिने उपायहरुको बारेमा जानकारी गराउने, पूर्व सूचनाका माध्यमहरुको बारेमा जानकारी गराउने उद्देश्यले तालिमको आयोजना गरिएको संस्थाका आर्थिक प्रशासन प्रमुख नरेशकुमार चौधरीले जानकारी दिए ।

अपाङ्गताको क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधी, राजविराज नगरपालिका, तिलाठी कोईलाडी गाउँपालिकाको महिला बालबालिका शाखा र विपद् शाखाबाट सो तालिममा प्रतिनिधित्व रहेको अध्यक्ष झाले बताए ।

सो तालिममा तिलाठी कोईलाडी गाउँपालिकाका विपद् सम्पर्क ब्यक्ति राजेश कुमार झाले सहजीकरण गर्नुहुने बताइएको छ ।

# शिक्षकलाई गाडी किन्न सहुलियत

काठमाडौँ, २३ असोज (रासस) ।

शिक्षकलाई सवारीसाधन खरिदमा ब्याज सहुलियत दिने व्यवस्थासहितको शिक्षा (एघारौँ संशोधन) नियमावली, २०८३ सहमतिका लागि शिक्षा मन्त्रालयले अर्थ मन्त्रालयमा पठाएको छ ।

प्रस्तावित व्यवस्थाअनुसार माध्यमिक तह प्रथम श्रेणीका शिक्षकले रु ५० लाखसम्म र द्वितीय श्रेणीका शिक्षकले रु ४० लाखसम्मको सवारीसाधन खरिद गर्न सक्नेछन् ।

यसैगरी, माध्यमिक तृतीय श्रेणी, निम्नमाध्यमिक र प्राथमिक तहका सबै श्रेणीका शिक्षकले रु चार लाखसम्मको दुईपाङ्ग्रे सवारीसाधन खरिद गर्नसक्ने व्यवस्था प्रस्ताव गरिएको छ ।

शिक्षा तथा खेलकुद मन्त्रालयका अनुसार सवारीसाधन खरिदका लागि बैंकमार्फत हुने वित्तीय व्यवस्थामा लागत रकमको ८० प्रतिशतसम्मको किस्ताको ब्याज सरकारले सहुलियतस्वरूप व्यहोर्ने व्यवस्था नियमावलीमा गरिएको छ ।

# चक्कु प्रहारबाट एकको मृत्यु, एक घाइते

**दैनिक समाचारदाता**
**जनकपुर, २३ असोज ।**

जनकपुरमा बिहीबार साँझ चक्कु प्रहारबाट एक युवकको मृत्यु भएको छ भने अर्का युवक गम्भीर घाइते भएका छन् ।

मृत्यु हुनेमा जनकपुरधाम उपमहानगरपालिका ५ सोनारपट्टी दाहा चोकका २४ वर्षीय आमिन साफी छन् । यस्तै, २५ वर्षीय इम्तियाज राइन गम्भीर घाइते भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता ओमप्रकाश खनालका अनुसार उपचारका क्रममा साफीको प्रादेशिक अस्पताल जनकपुरमा मृत्यु भएको हो । छुरा प्रहारबाट गम्भीर घाइते भएका राइनको प्रादेशिक अस्पतालमै उपचार भइरहेको प्रहरीले जनाएको छ ।

चक्कु प्रहार गर्ने २२ वर्षीय मोहम्मद इर्साद खानलाई प्रहरीले हिरासतमा लिएको छ । पुरानो रिसइबीका कारण दुवै जनाको छाती र पेटमा धारिलो हतियार प्रहार भएको प्रहरीले जनाएको छ ।

# ‘जग्गा हदबन्दीको समस्या चाँडो समाधान हुन्छ’

काठमाडौँ, २३ असोज (रासस) ।

भूमि व्यवस्था, सहकारी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव मदन भुजेलले जग्गा हदबन्दीको समस्या चाँडो समाधान हुने बताउनुभएको छ ।

भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र र नेपाल जग्गा तथा आवास विकास महासङ्घले बिहीबार यहाँ आयोजना गरेको ‘जग्गा प्रशासन, नाप नक्सा तथा व्यावसायिक विकाससम्बन्धी तालिम’को समापनका अवसरमा उहाँले लामो समयदेखि समस्याका रूपमा रहेको जग्गा हदबन्दीको समस्या चाँडो समाधान हुने बताउनुभयो ।

उहाँले घरजग्गा (रियल स्टेट) क्षेत्रमा कानुनी जटिलता र प्रक्रियागत अन्योलता धेरै रहेकाले यस क्षेत्रमा संलग्न व्यवसायीका लागि तालिम तथा ज्ञान अनिवार्य रहेको बताउनुभयो । सचिव भुजेलले व्यवसायीले उठाएका कित्ताकाट, ल्याण्ड पुलिङ र पुँजीगत लाभकरसम्बन्धी समस्याबारे मन्त्रालयको ध्यानाकर्षण भएको बताउनुभयो ।

भू-उपयोग नियमावली अनुसार स्थानीय तहले भू-उपयोग योजना तयार गर्न ढिलाइ गर्दा धेरै ठाउँमा कित्ताकाट रोकिएको भन्दै उक्त कित्ताकाटलाई दसैँअगावै खुलाउने तयारी भइरहेको उहाँले बताउनुभयो ।

स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र पर्ने भू-उपयोग योजना समयमै तयार नगर्दा नागरिक र व्यवसायीले सास्ती पाउनुपरेको भन्दै सम्बन्धित पालिकालाई जवाफदेही बनाउन व्यवसायीहरूलाई समेत आग्रह गर्नुभयो ।

नेपाल जग्गा तथा आवास विकास महासङ्घका अध्यक्ष विष्णुप्रसाद घिमिरेले सरकारले घरजग्गा कारोबारलाई व्यवस्थित बनाउन ल्याएको लाइसेन्स प्रणालीको स्वागत गर्दै तालिम प्राप्त तथा इजाजतपत्र प्राप्त कम्पनीलाई मात्र कारोबारमा प्राथमिकता दिनुपर्ने बताउनुभयो ।

अध्यक्ष घिमिरेले जग्गामा लगाइएको हदबन्दीले व्यवसायीहरूलाई ठूलो समस्या परेको भन्दै उक्त हदबन्दीलाई चाँडो हटाउनुपर्ने बताउनुभयो । उहाँले ७५३ स्थानीय तहमध्ये ४२१ वटामा मात्र भू-उपयोग वर्गीकरण भएको र धेरै स्थानमा कित्ताकाट रोकिँदा सर्वसाधारण तथा व्यवसायी समस्यामा परेको उल्लेख गर्नुभयो ।

अध्यक्ष घिमिरेले सरकारी मूल्याङ्कन र वास्तविक कारोबार मूल्यबीच ठूलो अन्तर हुँदा पुँजी समायोजन र बैंकिङ प्रणालीमा अप्ठ्यारो परेकाले राजस्व तथा लाभकर घटाएर व्यावहारिक मूल्याङ्कन कायम गर्नुपर्ने बताउनुभयो ।

भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रका कार्यकारी निर्देशक जनकराज जोशीले भू-व्यवस्थापनमा पारदर्शिता र सुशासन कायम गर्न तालिम प्रदान गरिएको बताउनुभयो । तालिममा भूमिसम्बन्धी संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्थादेखि प्राविधिक र व्यावसायिक कौशलतासम्मका विषयलाई समेटिएको थियो ।

उक्त तालिममा पाँच प्रदेशका २० जनाको सहभागिता रहेको थियो । तालिमका संयोजक एवं केन्द्रका निर्देशक रामकुमार सापकोटाले जग्गा प्रशासन, भू-उपयोग नीति, नाप नक्सा, कित्ताकाट तथा कित्ता नापीका प्राविधिक सीमितता र घरजग्गा मूल्याङ्कनजस्ता व्यावहारिक विषयमा तालिम केन्द्रित रहेको बताउनुभयो ।

तालिमका क्रममा डिल्लीबजारस्थित मालपोत तथा नापी कार्यालयको स्थलगत अवलोकन गराई व्यावहारिक अनुभवसमेत प्रदान गरिएको उहाँले बताउनुभयो । कार्यक्रममा तालिममा भाग लिएका प्रशिक्षार्थीलाई प्रमाणपत्र प्रदान गरिएको थियो ।

## बिदेश्वर ...

विश्वास छ, मधेसको राजनीतिलाई अब नयाँ पुस्ताको ऊर्जा, वैचारिक स्पष्टता, संस्थागत लोकतन्त्र र जनताप्रतिको जवाफदेहितासँग जोड्नुपर्छ । पुरानो नेतृत्वको अनुभव आवश्यक छ, तर त्यसले नयाँ नेतृत्वको बाटो छेक्नु हुँदैन । राजनीतिक निरन्तरता महत्वपूर्ण छ, तर त्यो पुस्तान्तरणको अवरोधक बन्नु हुँदैन । पार्टी आवश्यक छ, तर पार्टीको अस्तित्व जनताको मुद्दाभन्दा माथि हुन सक्दैन ।”

“पार्टी भन्दा मुद्दा ठूलो, नेतृत्व भन्दा विचार ठुलो, पद भन्दा स्वाभिमान ठुलो र व्यक्ति भन्दा जनता ठुलो हुन ।“ यी मान्यतासँग सम्झौता गरेर पदमा रहिरहनुभन्दा आफ्नो राजनीतिक विवेकअनुसार अलग बाटो रोज्नु उचित ठानेको छु । मेरो यो निर्णय अन्त्य होइन, विचार, लोकतन्त्र, नयाँ नेतृत्व र मधेसको अधिकारलाई केन्द्रमा राख्ने राजनीतिक यात्राको नयाँ सुरुवात हो । उनले उल्लेख गरेका छन् ।

## चाडपर्वलाई ...

मोबाईल टोली, बजार अनुगमन, यात्रु सहायता कक्ष निर्माण र रिफ्रेस प्वाइन्ट लगायतका ब्यवस्था मिलाइएको प्रहरी उपरिक्षक रुपक खडकाले जानकारी दिए ।

उनका अनुसार जिल्लाका सबै सम्वेदनशिल क्षेत्रका साथै जिल्लाभर युनिफर्म र सादा पोशाकका ८ सय ५७ तथा ट्राफिक प्रहरी तर्फका ३९ गरी कुल ८ सय ९६ प्रहरी परिचालन गरिने छ ।

अपुग भएका तथा आवश्यक्ता अनुसार तालुक मधेश प्रदेश प्रहरीबाट थप जनशक्ती माग गरिने उनको भनाई छ । चाड पर्वको समयमा अत्याधिक भीडभाड हुने बैंक तथा वित्तिय संस्था, सुनचाँदी पसल, पार्किंग स्थलका साथै प्रसिद्ध शक्तीपीठ छिन्नमस्ता भगवती मन्दिर र कंकालिनी मन्दिरमा निगरानीका लागी थप प्रहरी परिचालन हुने उनको भनाई छ ।

यस्तै सोही पत्रकार सम्मेलनमा २०८३ असोज १ देखी असोज २२ गते सम्म जिल्ला प्रहरी कार्यालयबाट भएको गतिबीधी समेटिएको प्रगति विवरण समेत सार्वजनिक गरिएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरिक्षक हेमराज घिमिरेका अनुसार उक्त अवधीमा विभिन्न अपराधका ४९ वटा मुदा दर्ता भएको छ । यस अवधीमा चालु मुदाका ३९ जना पक्राउ परेका छन । यस्तै अदालतको फैसला कार्यान्वयन गर्ने क्रममा ९ जना फरार प्रतिवादी पक्राउ परेको र उनीहरुबाट ४६ हजार ७ सय ८० रुपैया जरिवाना तथा १ वर्ष ७ महिना ५ दिन कैद असुर गरिएको प्रहरीले जनाएको छ ।


नेपाल सरकार
भूमि व्यवस्था सहकारी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
फोन नः ०३१-५२००४५
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि प्रशासन कार्यालय, राजविराज
सप्तरी

पत्र संख्या :
चलानी नम्बर :
प्राप्त पत्र संख्या र मिति :
मिति : २०८३।५।१६

विषय : नाम घरको ३५ दिने सार्वजनिक सुचना ।

जिल्ला सप्तरी गा.वि.स./न.पा [illegible] हाल परिवर्तित [illegible] गा.पा./न.पा. वडा नं. [illegible] बस्ने [illegible] नाउँमा नम्बरी दर्ता रहेको तपसिल बमोजिम जग्गा नामसारी श्रेस्ता कायम [illegible] पाउँ भनी निवेदन दिएको हुनाले सर्वसाधारणको जानकारीको लागि यो [illegible] दिने सुचना प्रकाशित गर्ने काम भएको छ, लेखिएको जग्गाहरु कसैको हकभोगको वा निवेदक वाहेकको अंश आपुतिली परेको ऐलानी वा सार्वजनिक, टार, बंगर, गौचर, समसानघाट प्रति ईत्यादी भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफुसँग रहेको सबुद प्रमाण साथ लिई उजुर गर्न आउनु होला, तोकिएको म्याद भित्र उजुर गर्न नआएमा निवेदकका माँग बमोजिम भै जाने छ । पछि तपाईको उजुर लाग्ने छैन ।

तपसिल

| न.पा./गा.वि.स.को नाम | वार्ड नं. | कि.नं. | क्षेत्रफल | साविक जग्गा धनी | कैफियत |
|---|---|---|---|---|---|
| [illegible] | २क | ६२२ | ०-२-१५ | [illegible] | [illegible] |
| [illegible] | २क | १३६६ | ०-४-१० | ॥ | [illegible] |
| ॥ | २क | १४०८ | ०-६-१६ १/४ | ॥ | [illegible] |
| ॥ | २क | १४०६ | ०-२-११ ३/४ | ॥ | [illegible] |



राजबिराज नगरपालिका
१ नं.वडा कार्यालय
राजबिराज,सप्तरी
मधेश प्रदेश,नेपाल

प.स. २०८३ ०८४
च.नं. ६३०
मिती - २०८३।०६।२२

विषय: - सुचना सूचना सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड न १० हाल १ बस्ने **राजिन्द्र साह ले** तपसिलका जग्गाहरु नामसारी गर्न सिफारिश गरि पाउं भनि मिति २०८३।०६।२२ गते मा द.न.३६१ को निवेदन दिएको हुदा सो जग्गामा कसैको हक दाबी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउन् होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ ।

तपसिल

जिल्ला सप्तरी ग बि न पा २ हाल १ बस्ने कुसुमलाल साहु तेली नाउको दर्ताको जग्गा

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड न | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पहरीया | ७ | १२०८ | ०-०-१६ ३/४ |
| सप्तरी | चनौरा पहरीया | ७ | १२०५ | ०-०-१० ३/४ |
| सप्तरी | चनौरा पहरीया | ७ | ११९६ | ०-०-९ |
| सप्तरी | चनौरा पहरीया | ७ | ११९९ | ०-१-१३ १/४ |
| सप्तरी | चनौरा पहरीया | ७ | १२०२ | ०-१-१२ १/२ |



**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*